धुर्कोट गाउँपालिका
गुल्मी जिल्ला,प्रदेश नं. ५, नेपाल

# धुर्कोट राजपत्र

वर्ष : २ अंक : ६

## भाग : २

गाउँ सभाबाट मिति २०७४/०६/२६ मा स्वीकृत भएको खरको छानो विस्थापन गर्ने कार्यक्रम सञ्चालन कार्यविधि २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# खरको छानो विस्थापन गर्ने कार्यक्रम सञ्चालन कार्यविधि २०७४

आज्ञाले
लोकहरि थापा
प्रमुख प्रशासकीय अधिकृत

| कार्यविधि संख्या :- | ६ |
|---|---|

# खरको छानो विस्थापन गर्ने कार्यक्रम सञ्चालन कार्यविधि २०७४

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७४/०६/२६ |
|---|---|

# धुर्कोट गाउँपालिका

**बर्बोट, गुल्मी**
**५ नं. प्रदेश**
**नेपाल**

# खरको छानो विस्थापन गर्ने कार्यक्रम सञ्चालन कार्यविधि २०७४

**प्रस्तावना :**

यस धुर्कोट गाँउपालिकामा धेरै घरहरू अझै पनि खरको छानोयुक्त रहेका छन् । खरको छानोयुक्त घर वर्षायाममा चुहिने समस्या तथा जाडोयाममा आगलागीको उच्च जोखिममा रहने हुन्छ । यसरी सम्भावित जोखिमलाई न्यूनीकरण गर्न उक्त खरको छानोको उचित व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । साथै धुर्कोट गाँउपालिकाको पहिलो निर्णयले खरको छानायुक्त घरको खरको छाना विस्थापन गर्ने निर्णय गरेकाले सो कार्यका लागि मिति २०७४/०६/२६ को गाँउ कार्यपालिकाको बैठकबाट निर्णयबाट यस कार्यविधि पारित गरी लागू गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

यस कार्यविधिको नाम **'धुर्कोट गाउँपालिका खरको छानो विस्थापन गर्ने कार्यक्रम सञ्चालन कार्यविधि २०७४'** रहनेछ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. तथ्याङ्क संकलन गरिनेः

यस खरको छानो विस्थापनको कार्यका लागि तथ्याङ्क संकलनको काम गरिनेछ । तथ्याङ्क संकलनको कार्यमा गाँउपालिकाका विभिन्न वडामा कार्यरत सामाजिक परिचालकहरूलाई खटाईनेछ ।

## ३. तथ्याङ्क प्रशोधन तथा नापजाँचः

सामाजिक परिचालकहरूद्वारा संकलित खरको छानोयुक्त घरधुरीको सर्भे तथा नापजाँच गाँउपालिकाका प्राविधिक कर्मचारीबाट गरिनेछ । प्राविधिक कर्मचारीको प्रतिवेदनको आधारमा लाभग्राहीको लगत कायम गरिनेछ ।

## ४. लाभग्राहीका लागि आवश्यक सर्तहरू :

- घरको जग्गाधनी प्रमाणपूर्जा तथा घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र भएको हुनुपर्ने,
- घरमा शौचालयको व्यवस्था भएको हुनुपर्ने,
- घर बाहेक बङ्गालो वा अन्य संरचना खरको छानोयुक्त भएमा त्यसका लागि जस्तापाता उपलब्ध नगराईने,

- एक व्यक्तिको एकभन्दा बढी खरको छानोयुक्त घर रहेकोमा कुनै एउटा घर मात्र यस कार्यक्रममा समावेश गरिनेछ,
- खरको छानोयुक्त घर भएको व्यक्तिको अर्को घर (खरबाहेक अन्य छानो) भएमा यस कार्यक्रममा समावेश हुने छैन,
- एउटा घरमा धेरै परिवारको बसोबास भएको भएता पनि एउटा घरको लागि मात्र जस्तापाता उपलब्ध गराईने,
- छानो कुनै भागमात्र (जस्तैः पाली, ओसारी) खरको छानोयुक्त भएको घरलाई समावेश गरिने छैन ।

## ५. छानो तयार गर्नुपर्ने :

यस कार्यक्रम बमोजिम जस्तापाता प्राप्त गर्न योग्य लाभग्राहीले खरको छानोयुक्त घरमा जस्तापाता राख्नका लागि छानो तयार गरी सो को जानकारी दिएपश्चात मात्र जस्तापाता उपलब्ध गराईनेछ ।

## ६. कारवाही गरिने :

राज्यबाट अनुचित लाभ लिने उद्देश्यले गलत सूचना तथा तथ्याङ्क उपलब्ध गराई यस कार्यक्रममा सहभागी भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । साथै गाँउपालिकाले उपलब्ध गराएको जस्तापाता हिनामिना गरेको वा तोकिएको बाहेक अन्य कामका प्रयोग गरेको पाइएमा त्यस्तो व्यक्तिलाई कारवाही गरी जस्तापाता बापतको रकम असुल उपर गरिनेछ ।

## ७. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा उल्लेख नभएका तथा यस खरको छानो विस्थापन कार्यक्रमका क्रममा गर्नुपर्ने अन्य कार्यहरू प्रचलित कानून बमोजिम गरिनेछ ।

## ८. यसै कार्यविधि बमोजिम भएको मानिने :

यस कार्यविधि लागू हुनुभन्दा अघि खरको छाना विस्थापन सम्बन्धी गाँउपालिकाबाट सम्पादन भएका काम कारवाही नबाझिएको हदसम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ooo